अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८१।०५।२७ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादीहरु राजेश्वर प्रसाद चौरसिया र फिरोज आलमसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

प्रतिवादी फिरोज आलमले राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिंदा निज फिरोज आलमउपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवतबापत दिएको रकम रू.२,२०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.१,१८,८५०।- समेत गरी रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.२,२०,०००।-(दुई लाख बीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी गरेको बिगो रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन,

प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निज प्रतिवादी उपर दस्तुरको बहानामा घुस/रिसवतबापत प्रतिवादी फिरोज आलमबाट लिएको रकम रू.२,२०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याएको रकम रू.१,१८,८५०।- समेत गरी बिगो रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.२,२०,०००।(दुई लाख बीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानीनोक्सानी पुगेको बिगो रू.१,१८,८५०।-(एक लाख अठार हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन,

प्रतिवादी महेश प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख बमोजिम रू.१,१८,८५०।(एक लाख अठार हजार आठ सय पचास) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आयोगको मागदाबी रहेको प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासियाले फिरोज आलमबाट लिएको घुस/रिसवत रकम रु. २,२०,०००।- बिगो मागदाबीबाट घटाई अनुसन्धान अधिकारी समक्ष वयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१५,०००/- लाई नै रिसवत बिगो कायम गर्न न्यायोचित हुने देखिएको।

प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजका हकमा अभियोग दाबी पुग्न नसक्ने ठहर्छ। उल्लेख भएदेखि बाहेकका हकमा आरोप मागदाबी पुग्न नसक्ने ठहर्छ भनी निम्न आधारमा मिति २०८०।०९।२२ को फैसलाबाट **आंशिक** सफाई दिएको-ः

बिशेष अदालतको फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ गते पुनरावेदन गरिएकोः-

<u>देहायः</u>

क. प्रतिवादी फिरोज आलमले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. २,२०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु फिरोज आलमले र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. २,२०,०००।- लिए/दिएको पुष्टी भएको। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु फिरोज आलम र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुर्‍याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु फिरोज आलम र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा गर्दा कागजातहरू समेत लिइ आउने र आफूलाई सहयोग गरे बापत रकम उपलव्ध गराउने व्यक्ति नेपाल राष्ट्रिय माध्यमिक विद्यालय,सेढ्वा विर्ता,पर्साका भु.पु. प्रधानाध्यापक हुन् भनी खुलाई दिएको। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफुलाई सहयोग गर्ने व्यक्ति महेश यादव भनी खुलाईदिए अनुसार निज महेश यादवले विभिन्न व्यक्तिहरूलिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरू उपलव्ध गराउनमा सघाउ पुर्‍याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरूका आधारमा आफू अनुकुलका व्यक्तिहरूले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैरकानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादी महेश प्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता

नरहरि घिमिरे

<u>**देहायः**</u>

सि.न	प्रतिवादी	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	**प्र. राजेश्वर प्रसाद चौरसिया, फिरोज आलम र महेश प्रसाद यादव** (वि.अ. को मु.नं. ०७६-**CR**-००८४), वि.अ. को फैसला मिति २०८०।०९।२२)	**घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ति गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको**	**प्रतिवादी फिरोज आलमले** राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिंदा निज फिरोज आलमउपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवतबापत दिएको रकम रू.२,२०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.१,१८,८५०।- समेत गरी रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.२,२०,०००।- (दुई लाख बीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी गरेको विगो रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम	**फैसलाः** प्रतिवादीहरु फिरोज आलम र राजेश्वर प्रसाद चौरासियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी फिरोज आलमले शिक्षकको रुपमा तलब भत्ता वापत रु.१,१८,८५०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पु-याएको तथा उक्त कार्य वापत प्रतिवादी फिरोज आलम दिने र राजेश्वर प्रसाद चौरासिया लिने भई रिसवत वापत रु.१५,०००/- लेनदेन गरेको समेत देखिन आयो । निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) उपदफा (३) र दफा १७ विपरीत कसूर गरेको देखिन आएकोले सोही ऐनको दफा १७ बमोजिम दुवै प्रतिवादीहरुबाट जनही बिगो रु.५९.४२५/- असुल गरी सोही ऐनको दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जनही जरीवाना रु.६६.९२५/- तथा खण्ड (ग) बमोजिम जनही ४ (चार) महिना कैदको सजाय हुने समेत ठहर्छ । अर्का प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजका हकमा अभियोग दाबी पुग्न नसक्ने ठहर्छ । उल्लेख भएदेखि बाहेकका हकमा आरोप मागदाबी पुग्न नसक्ने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ। **विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः** **क.** उक्त विद्यालयमा आउँदा पेस गरेको जिल्ला शिक्षा कार्यालय पर्साको अभिलेख कायम गरी दरबन्दीसहित सरुवा गरिएको पत्र उक्त च.नं. १३७ मिति २०७४। १ । ६ को पत्र पेस गरेकोमा उक्त पत्रमा भएको हस्ताक्षर आफ्नो नभएको भनी २०७४।१।१७ मा जिल्ला शिक्षा कार्यालय, पर्सामा कार्यरत जिल्ला शिक्षा अधिकारी श्री केदार प्रसाद तिवारीले बयान गरिदिएको देखिन्छ । उक्त पत्र चलानी भएको सक्कल चलानी रजिष्टरबाट च. नं. १३७ को पत्र मिति २०७४।१।१७ मा नभई २०७४।१।१४ में चलानी भएको र उक्त चलानी नम्बरमा अर्कै शिक्षक जवाहरलाल मण्डललाई न. रा. नि. मा. वि. लालपर्सामा काजमा खटाईएको भन्ने पत्र चलानी भएको देखिन आएबाट प्रतिवादी फिरोज आलमको	**क.** प्रतिवादी फिरोज आलमले अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागीसमेत नभई विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय, पर्साको अभिलेख कायम गरी दरबन्दीसहित श्री मदर्सा इस्लामिया दारुल उल्लुम विद्यालय पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत विद्यालय निरीक्षकराजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू. २,२०,०००।- रिसवत लिएर उपलव्ध गराएका हुन् भनी बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी फिरोज आलमले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र फिरोज आलमले घुस/रिसवत लिएको/दिएको रकम रु.२,२०,०००।-(दुई लाख) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासियाले स्वयमं प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१५,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसपतको बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेको अनुसन्धान अधिकारी समक्ष गरेको बयान नै देखिएकोमा स्वयं प्रतिवादी फिरोज आलमले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. २,२०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र १५,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र फिरोज आलमको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. २,२०,०००।—लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने, **ख.** प्रतिवादी फिरोज आलमले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. २,२०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु फिरोज आलमले र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. २,२०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु फिरोज आलम र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु फिरोज आलम र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। **ग.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा गर्दा फरोज आजम लगायतका व्यक्ति र कागजातहरू समेत लिइ आउने र आफूलाई सहयोग गरे बापत रकम उपलव्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढ्वा विर्ता, पर्साका भु.पु. प्रधानाध्यापक महेश यादव हुन् भनी खुलाई दिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफूलाई सहयोग गर्ने व्यक्ति महेश यादव भनी

			असुलउपर हुन मागदावी लिईएको, **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निज प्रतिवादी राजेश्वर प्रसाद चौरसियाउपर दस्तुरको बहानामा घुस/रिसवतबापत प्रतिवादी फिरोज आलमबाट लिएको रकम रू.२,२०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याएको रकम रू.१,१८,८५०।- समेत गरी विगो रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.२,२०,०००।(दुई लाख बीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानीनोक्सानी पुगेको विगो रू.१,१८,८५०।-(एक लाख अठार हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, **प्रतिवादी**	उल्लिखित नियुक्ति एवं अभिलेख राखिएको र सरुवा गरिएको पत्र समेत नक्कली भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आयो । **ख.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच शिक्षकहरुको दरवन्दी र अभिलेखको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी फिरोज आलमलाई श्री मदरसा इस्लामिया दारुल उल्लुम पाण्डेपुरमा शिक्षक पदमा तलब भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो । **ग.** प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्बन्धित संस्थाका प्रमुख र खर्च लेख्ने अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी फिरोज आलमले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य ईन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएको देखिन्छ । विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR- ००८६, ०७६-CR-००८९. ०७६-CR-००९२. ०७६-CR-०१०३, ०७६-CR- ०१०४, ०७६-CR-०१०६, ०७६-CR-०१०७ लगायतका मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको वयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१५,००० लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो ।	खुलाईदिए अनुसार निज महेश यादवले विभिन्न व्यक्तिहरुलिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरू उपलव्ध गराउनमा सघाउ पुऱ्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरूका आधारमा आफू अनुकुलका व्यक्तिहरूले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैरकानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादी महेश प्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको,

			महेश प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख बमोजिम रू.१,१८,८५०।(एक लाख अठार हजार आठ सय पचास) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिईएको	**घ.**अर्का प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा विचार गर्दा निज श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सैडवा विर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ । निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसंग उठाईएको दुबै विद्यालयसँग निज सम्बन्धित भएको देखिँदैन । प्रतिवादी फिरोज आलम स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन । निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउँदैन । तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन ।	